# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

पत्र संख्याः-२०८१/८२
चलानी नं.:-२८

मितिः २०८१/०४/०७

**विषयः- स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम पदपूर्ति गर्न माग आकृति फाराम पठाउने सम्बन्धमा ।**

श्री स्थानीय तहहरु सबै,
कोशी प्रदेश, नेपाल।

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) मा उल्लेख भएको "स्थानीय तहमा कर्मचारी समायोजन हुँदाका बखत स्वीकृत दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करार नियुक्ति भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदाका बखतसम्म सेवामा अविच्छिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सरकारी सेवाका अस्थायी, करार कर्मचारीलाई यो ऐन प्रारम्भ भएपछि प्रदेश लोक सेवा आयोगबाट एक पटकका लागि त्यस्ता कर्मचारीहरुमात्र सहभागी हुन पाउने गरी विज्ञापन प्रकाशन गरिनेछ। उक्त विज्ञापनमा उम्मेदवार हुन त्यस्ता कर्मचारीलाई उमेर हद लाग्ने छैन" भन्ने व्यवस्था कार्यान्वयन गर्न आयोगबाट स्वीकृत **स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१** यसै साथ संलग्न रहेको छ। कार्यविधिको दफा ३ बमोजिम तहाँ स्थानीय तहमा स्वीकृत दरबन्दी र कर्मचारीको विवरण यकिन गरी दफा ४ बमोजिम अनूसूची १ अनुसारको ढाँचामा विवरण तयार गरी पदपूर्तिको लागि मिति २०८१/०४/२२ गते भित्र यस आयोगमा प्राप्त हुने गरी पठाउनु हुन अनुरोध छ।

२०८१/०४/०६

..................
प्रकाश गुरुङ्ग
उपसचिव

**नोटः** उल्लिखित कानूनी व्यवस्था बमोजिम पदपूर्ति गर्नु पर्ने पद नभएमा सो को जानकारी पठाउनु हुन साथै विवरण तथा माग आकृति फाराम आयोगको इमेल ठेगानः koshipsc@gmail.com मा पठाउन सकिने व्यहोरा अनुरोध छ।

श्री छथर गाउँपालिकाको कार्यालय,तेह्रथुम
दर्ता नं: ४१२
मिति: २०८१/४/८